# स्थानीय राजपत्र

## गन्यापधुरा गाउँपालिका द्वारा प्रकाशित

**खण्डः ४** **संख्याः२** **असार ३१ गते वुधवार, २०७७**


## भाग-१

## गन्यापधुरा गाउँपालिका-डडेल्धुरा

# विनियोजन ऐन, २०७७

गन्यापधुरा गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

**गाउँसभाबाट स्वीकृत मितिः २०७७।०३।२९**

**प्रस्तावनाः** गन्यापधुरा गाउँपालिकाको आर्थिक वर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गन्यापधुरा गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " **गन्यापधुरा गाउँपालिकाको विनियोजन ऐन,२०७७** " रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७७।०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७७।०७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पुँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.

३३,७४,६५,६२०।०० ( अक्षेरेपी तेत्तीस करोड चौहत्तर लाख पैसट्ठी हजार छ सय बीस रुपैया मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ को निमित्त गन्यापधुरा गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।
तर, चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृत लिनु पर्नेछ।

**अनुसूची – १**

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**सञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र.स. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ५५०६३३८० | ४२६९४५००० | | ९७७५८३८० |
| २ | | वडा समिति | ५२४३००० | २१५३७००० | | २६७८०००० |
| ३ | | विषयगत शाखा | १६८८६१००० | ४४०६६२४० | | २१२९२७२४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | | | | |
| ५ | | लगानी ( शेयर/ ऋण ) | | | | |

| क्र. स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री नवल बहादुर मल्ल | अध्यक्ष | |
| २ | श्री कमला देवी ठगुन्ना | उपाध्यक्ष | |
| ३ | श्री चेतराम भट्ट | वडा अध्यक्ष | |
| ४ | श्री इन्द्र बहादुर कार्की | वडा अध्यक्ष | |
| ५ | श्री चक्र बहादुर देउवा | वडा अध्यक्ष | |
| ६ | श्री चेतराज भट्ट | वडा अध्यक्ष | |
| ७ | श्री धर्मराज पडाल | वडा अध्यक्ष | |
| ८ | श्री कौशिला देउवा | सदस्य | |
| ९ | श्री देवकी देवी कामी | सदस्य | |
| १० | श्री महेश्वरी मल्ल | सदस्य | |
| ११ | श्री धर्मा कुमारी देउवा | सदस्य | |
| १२ | श्री प्रकाश बहादुर कामी मिजार | सदस्य | |

| | | | |
|---|---|---|---|
| १३ | श्री टिका टमटा | सदस्य | |
| १४ | श्री हरि बहादुर देउवा | सदस्य | |
| १५ | श्री बहादुर सिंह रावल | सदस्य | |
| १६ | श्री हर्क बहादुर देउवा | सदस्य | |
| १७ | श्री हिरा दमाई | सदस्य | |
| १८ | श्री पुरन भुल सार्की | सदस्य | |
| १९ | श्री बहादुर बोहरा | सदस्य | |
| २० | श्री प्रमिला देवी भुल | सदस्य | |
| २१ | श्री कृष्णा देवी दमाई | सदस्य | |
| २२ | श्री अहिल्या कुँवर पधान | सदस्य | |
| २३ | श्री नरजीत भुल | सदस्य | |
| २४ | श्री बिर बहादुर भुल सार्की | सदस्य | |
| २५ | श्री प्रेम बहादुर साउँद | सदस्य | |
| २६ | श्री शिवराम टमोटा | सदस्य | |
| २७ | श्री भागा देवी फुलारा | सदस्य | |
| २८ | श्री गंगा देवी लुहार | सदस्य | |

**आज्ञाले**

**दिलिप कुमार तामाङ**

**प्रमुख प्रशाकीय अधिकृत**